जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १२, अङ्क- ४४, २०८१ असार ६ गते विहीबार, 20 Jun. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-



बगरलाई यसरी बनाइयो पर्यटकीय

दिव्य पार्क

○ सम्झना घिमिरे

मकवानपुर । मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका-९, लामसुरेस्थित वेतखोल्ची सामुदायिक वन क्षेत्र अन्तर्गत विगतको बगरमा अहिले दिव्य बाल उद्यान बनेको छ । जहाँ जाडो मौसममा पिकनिक खाने, पार्क अवलोकन गर्ने जस्ता उद्देश्यले बारा जिल्ला देखिका विद्यार्थीहरु आउने गर्छन् ।

गर्मी समयमा पनि यो पार्कको सौन्दर्य र आकर्षण घटेको छैन । पार्क भित्र रहेको वाटर फाउण्टेश सबैभन्दा बढी आकर्षक बनेको छ । बुद्धका मुर्ति, मदन आश्रितको अर्धकदको शालिक थप सौन्दर्य हुन् ।

१८ बिघा जग्गामा फैलिएको उद्यानले स्थानीयलाई बिहान-बेलुका व्यायाम गर्ने र टहलिने ठाउँ दिएको छ । उद्यान व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मणप्रसाद भण्डारी आगामी दिनमा पार्कलाई व्यवस्थित बनाउने योजना रहे पनि हाल बजेट अभावमा धेरै काम गर्न नसकिएको बताउँछन् । उद्यानको प्रवेशद्वारको प्रत्येक ४० मिटरको अन्तरमा राष्ट्रिय व्यक्तित्वहरूको शालिक राख्ने योजना रहेको उनी जनाउँछन्। हाल द्वारबाट ४० मिटरको दूरीमा मदन(आश्रितको शालिक छ भने त्यसको ४० मिटरको दूरीमा बुद्धको शालिक छ।अरु संरचनाहरु थप्ने काम आर्थिक समस्याको कारण रोकिएको भण्डारीले बताए ।

झन्डै ९०० मिटर क्षेत्रमा सिमेन्टको ब्लक बिछ्याइएको उद्यानमा कुनै संस्थाले राष्ट्रिय व्यक्तित्वको शालिक राख्न चाहेमा समितिले समन्वय गर्ने भण्डारीले बताउँछन्। पार्कको दक्षिण-पूर्वी कुना वनभोजका लागि छुट्याइएको छ। वनभोजका लागि आउनेहरूसँग प्रतिसमूह एक हजार र 'ड्राई पिकनिक' का लागि आउनेहरूसँग प्रतिसमूह ५०० रुपैयाँ शुल्क लिने गरिएको छ ।

उद्यान क्षेत्रमा एउटा ध्यान केन्द्र बनाउने पनि योजना रहेको उनी सुनाउँछन्। साथै, दक्षिण-पूर्वी क्षेत्र उँचो पहाड जस्तो भएकाले सो ठाउँसम्म पुरन सिंढी बनाउने र सो स्थानलाई आकर्षक बनाउने योजना समेत रहेको छ।"बिहान(बेलुका व्यायाम गर्न, टहलिन आउनेहरूलाई तलमाथि गर्ने ठाउँ होस् भन्ने हाम्रो योजना हो," भण्डारी भन्छन्।

उद्यान क्षेत्र २०३७ सालमा आएको ठूलो बाढीले बगर बनेको थियो। २०५० सालमा ठूलो बाढी आए पनि बाँध बनेका कारण यो क्षेत्र जोगिएको थियो। विगतमा चुरे क्षेत्रबाट आउने पानी बग्ने ठाउँ रहेकाले यहाँ कुनै पनि बिरुवा नहुर्कने हुँदा शुरूमा खयर रोपिएको थियो। "२०५५ सालमा खयरका ५०० बिरुवा लगाइएका थिए," भण्डारी भन्छन्, "अहिले भने विभिन्न फूल र केही फल प्रजातिका बिरुवा पनि लगाइएका छन्।"

१९ वटा वडा रहेको हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर ९ तुलनात्मक रूपमा सानो क्षेत्रफलमा फैलिएको छ। जम्मा ३.८६ वर्ग किलोमिटर मा फैलिएको वडाको ठूलो क्षेत्र हेटौंडा सिमेन्ट उद्योगले ओगटेको छ । "बाल उद्यान बनेपछि समुदायका बालबालिकाहरूलाई नि:शुल्क खेल्ने ठाउँ पनि भएको छ," भण्डारी भन्छन्, "प्रविधिले पेल्दै लगेको वेला यो पार्क अभिभावक र बालबच्चा सबैलाई टहलिने ठाउँ पनि भएको छ। भोलिका दिनमा यसलाई अझ धेरै राम्रो बनाउनेछौं।"

वडाबासीको मिहिनेतबाट नै पार्क निर्माण गर्न सुरु भएको हो । पार्क निर्माण गर्न वडाबासीले बिगत २७ वर्षदेखी गर्दै आएका छन् । आजभन्दा २७ वर्ष अगाडीसम्म हरेक वर्ष जस्तो वर्षाको मौसममा भेलबाढी आउने र बस्ती कटान गर्न थालेपछि हेटौंडा-९ को सो क्षेत्रमा स्थानियबासीहरु मिलेर बस्ती जोगाउनका लागि तारबार तथा बि.स.२०५१ साल असारमा स्वर्गीय जननेता मदन भण्डारी तथा जीवराज आश्रितको स्मृतिमा सो बगरमा बृक्षरोपण गरेका थिए ।

जसको नेतृत्व हालका निवर्तमान वडा अध्यक्ष लक्ष्मणप्रसाद भण्डारी,बेतखोल्सी सामुदायिक वनका अध्यक्ष ***बाँकी पेज ५मा***



मनहरीले गाँजा प्रवर्द्धन गर्ने

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिकाले गाँजा खेती प्रवद्धन गर्ने भएको छ ।

कृषकलाई संघीय कानून बमोजिम औषधीजन्य प्रयोजनकोलागि गाँजा खेती प्रबर्द्धनमा सहयोग गरिने नीति गाउँपालिकाले लिएको हो ।

मकवानपुरको मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/२०८२ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । जसमा गाँजा प्रवर्द्धन गरिने नीति समेत लिएको छ । मकवानपुरको मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/२०८२ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । जसमा गाँजा प्रवर्द्धन गरिने नीति समेत लिएको हो । मकवानपुरको मनहरी, राक्सिराङ्, कैलाश, इन्द्रसरोवर लगायतको गाउँलिपालिकामा किसानहरुले व्यावसायीक गाँजा खेतीगर्ने गरेका छन् । कानूनी बैधता प्राप्त नभएकोले प्रहरी प्रशासनले हरेक वर्ष गाँजा खेती नष्ट गर्न लाखौ खर्च गर्दै आएको छ ।

गाउँपालिकाले कृषि उत्पादन वृद्धिमा प्रोत्साहन गर्न उत्पादनमा अनुदान दिने भएको छ । उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका किसानद्वारा उत्पादित आलु, प्याजलगायत तरकारी तथा अन्नवालिमा समेत संभाव्यता अध्यन गरि मूल्य अनुदान प्रदान गरिने नीति लिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीलेब ताए ।

उत्पादन पछि हुने क्षति न्यूनीकरणको लागि गाउँपालिकाले कोल्ड स्टोरेजको व्यवस्था गर्न आवश्यक समन्वय गरी विशेष अनुदान दिइनेछ। खेतीयोग्य बाँझो जमिनको यथार्थ तथ्याङक संकलन गरी बाँझो जग्गा उपयोगमा ल्याउन प्रोत्साहन गरिने नीति लिएको छ ।

कृषि सेवा केन्द्रमा माटो परिक्षण प्रयोगशाला स्थापना गरी नि:शुल्क माटो परिक्षण सेवा प्रदान गरिने, परिक्षणको आधारमा चुन तथा सुक्ष्म तत्वहरु ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ।

सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरुको पहिचान गरी पकेट क्षेत्र, सामुहिक खेति, करार खेति तथा चक्लाबन्दी खेतिलाई प्रोत्साहन गरिने नीति पालिकाले लिएको अध्यक्ष कालाखेतिले बताए ।

कृषि बिमा कार्यक्रमलाई प्रभावकारी र पहुँचयोग्य बनाई बिमा प्रिमियममा लाग्ने शुल्क पालिकाको आर्थिक क्षमता विश्लेषण गरि विपन्न कृषकको लागि पूर्ण निशुल्क सहित सबै कृषकको तोकिएको प्रतिशत गाउँपालिकाले व्यहोर्ने व्यवस्था गर्ने भएको छ । कृषि बालि विमा तथा पशु विमा योजना कार्यान्वयन गर्न विमा कर्मचारीको व्यबस्था मिलाईने भएको छ।

पशुपालनलाई प्रबर्द्धन गर्ने गरी साविकमा सञ्चालनमा रहेको गाई भैंसीको कृत्रिम गर्भाधान कार्यलाई निशुल्क: रुपमा निरन्तरता दिइने, दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध बिक्री गर्ने किसानलाई प्रति लिटरका दरले उपलब्ध गराउदै आएको नगद प्रोत्साहन कार्यक्रमलाई प्रदेश सर कारसंग समन्वय गरि निरन्तरता दिईने भएको छ ।

गाउँपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार लैना पशुहरुको बीमा गर्न आवश्यक बीमा प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिने भएको छ। यसैगरी पशुपालनलाई प्रोत्साहन गर्न पोषणयुक्त घाँसेवालिको विकास गर्नुपर्ने हुँदा सो को लागि संघीय सरकारसँगको सहकार्यमा हरियो ***बाँकी पेज ६ मा***

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिका दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

बजेट कार्यान्वयन

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका ६४ अर्ब ५४ करोड ४ लाख बजेट पेश गरेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेशसभामा बजेट प्रस्तुत गरिएको हो । कुल बजेटमध्ये चालूतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगत तर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेका हुन् । प्रदेश सरकारले कुल विनियोजनको चालूतर्फ ४०.४४ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २.३२ प्रतिशत बजेट छुट्ट्याएको छ । आगामी आर्थिक वर्षको खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख रुपैयाँ, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड रुपैयाँ, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ६५ लाख रुपैयाँ, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड रुपैयाँ अनुमान गरिएको छ ।

प्रदेश सरकले चालु आर्थिक वर्षको तुलनमा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको हो । चालु आर्थिक वर्षमा प्रदेश सरकरले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । प्रदेश सरकारले व्यवसायिक उत्पादन वृद्धि तथा थप रोजगारी सिर्जनाको उद्देश्य अनुरुप शुरु गरिएको सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रमलाई निरन्तरता दिनको लागि रु. १ अर्ब ५० करोड छुट्याएको छ । बजेट सार्वजनिक गरिए लगत्तै प्रदेशका मुख्यमन्त्री शालिकाराम जमकट्टेलले आफूहरुले मन्त्री परिषदमा पास गरिएकोभन्दा थप गरेर बजेट प्रस्तुत भएको भन्दै आपत्ति जनाएका छन् ।

आर्थिकमन्दीको समयमा चालु आर्थिक वर्षभन्दा बजेट बढाएर ल्याइनुले पनि बजेट कार्यान्वयनमाथि शंका गरिएको छ । सस्तो लोकप्रियताको लागि बजेट ल्याउने हैन, कार्यान्वयन/उपलब्धीपूर्ण कामको लागि बजेट प्रस्ताव गर्नु बुद्धिमानी हुने थियो । सरकारले बजेट पेश गरिसकेको छ, अब पर्याप्त छलफल र बजेटको सही सदुपयोग होस् । जनताको आवश्यकतामा आधारिक कामको लागि सबैको हातोमालो प्राप्त होस्।

गणतन्त्रपछि महिला सहभागिता



हिराकुमारी भण्डारी

गणतन्त्रपछि जारी संविधानले व्यवस्था गरेका कैयौं विषय अझै कार्यान्वयन हुन सकेका छैनन् । राज्यका निकाय तथा राजनीतिक दलहरूले बाध्यात्मक अवस्थाबाहेक महिला, दलित, सीमान्तकृत, आदिवासी जनजातिलाई अधिकार दिने तथा सहभागिता गराउने गरेका छैनन् ।

संविधान र कानुनले व्यवस्था गरे बमोजिम महिला सहभागिता गराउन दलहरू बाध्य हुने नै भएह बाध्यात्मक व्यवस्थाकै कारण विगतमा भन्दा महिलाको अत्यधिक सहभागिता हुन थालेको छ । अझै केही क्षेत्रमा सहभागिताका लागि उपयुक्त उम्मेदवार तयार हुन सकेका छैनन् । त्यस्तो अवस्थामा सहभागिता, सहभागितासँगै क्षमता वृद्धि र सक्षम बन्नुपर्ने चुनौती छ ।

अवसरसँगै क्षमता बढाउन शिक्षा, चेतना, तालिम तथा विविध क्षेत्रहरूको विकास जरुरी छ । शासकीय तहले शासकीय प्रबन्ध गर्दा विकेन्द्रीकरण सहभागिता, जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व सदाचारिता तथा कानुनबमोजिम शासनजस्ता पक्षलाई आत्मसात गर्नुपर्छ ।

गणतन्त्र प्राप्तिको १६औं वर्ष पूरा भएको छ । गणतन्त्रले शासकीय तह, राज्यको पुनर्संरचना लगायत थुप्रै परिवर्तन संस्थागत गरिरहेको छ । नागरिकहरूको जनजीविकासँगै जोडिएको शासकीय स्वरूप, त्यसले प्रदान गरिरहेको सेवा तथा नागरिकका हक अधिकारका लागि सैाय संरचना अनुसारका तीन तहका सरकारले उपलब्ध गराएका सेवाको प्रभावकारिता र गुणस्तरसँग गणतन्त्रको व्याख्या गरिएको छ ।

नागरिकले बुझ्ने भाषामा गणतन्त्र प्राप्ति पछि व्यवस्थासँगै बदलिन नसकेको अवस्थालाई राज्यका सबै निकायले हृदयम गर्न आवश्यक छ । शासकीय तहमा महिलाको सहभागिता अर्थपूर्ण हुनका लागि लोकतन्त्रको प्रवर्द्धक, शासन सञ्चालनको संवाहक भई शासन सञ्चालनका लागि नीति-नियमको निर्माण गर्ने र त्यही भावना मुखरित गराउने सामर्थ्य महिलामा हुनुपर्छ ।

लोकतन्त्र शासनको एक सुन्दर प्रणाली हो, जहाँ हरेक नागरिकले राजकीय सत्ता र सार्वभौमसत्ता आफैँ सञ्चालन गर्छन् । यस प्रणालीमा प्रत्येक नागरिक शासनप्रणाली र राज्य व्यवस्थाको मूल अंशियार कायम रहन्छन् । कानुनको शासनलाई वास्तविक रूपमा आत्मसात् गर्ने पद्धति हो लोकतन्त्र । सिद्धान्तत: लोकतन्त्रमा कुनै दोष छैन, छ भने त्यसको अभ्यास गर्ने व्यवस्थापकीय शैलीमा छ । लोकतन्त्रमा राज्यको शक्ति, स्रोत र अवसरमा सबै वर्ग, लिङ्ग र समुदायको पहुँच प्रतिनिधित्व र समान अधिकार सुनिश्चित गरिएको हुन्छ । पिछडिएको वर्ग र समुदायको उत्थानका लागि सामाजिक न्याय अन्तर्गतका उपकरणको प्रयोग गरी सारभूत समानता कायम गरिन्छ ।

सबै समूह, समुदाय तथा क्षेत्रका महिलाको पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित हुने गरी आरक्षण र सकारात्मक विभेद कार्यक्रमलाई अर्थपूर्ण बनाउन आवश्यक छ । महिला विकासको बाधक सोच रहेको सम्पूर्ण तत्त्वको निर्मूल पारी वर्तमान संविधानले व्यवस्था गरेका लाभ सबैमा समान वितरण गरी पहुँच स्थापना गर्न सकिन्छ ।

गणतन्त्र स्थापनापश्चात् महिला अधिकार, महिला सहभागिता, महिलालाई अवसर र महिला नेतृत्वसँग जोडिएका मुद्दा अझ बुलन्द रूपमा अघि सारिएका छन् । त्यसैगरी पछिल्ला दशकमा महिला पहिचानका सवालले नेपाली समाज तरङ्गित हुन पुगेको छ र त्यसले केही परिणाम पनि ल्याएको छ । महिला सशक्तीकरणका लागि पितृसत्तात्मक समाज र पुरुषहरूको हैकमवादी सोचको अन्त्य गरी महिलाको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, लैङ्गिक तथा आध्यात्मिक सामर्थ्यको अभिवृद्धिमा जोड दिएको पाइन्छ ।

संवैधानिक व्यवस्था

हाम्रो संविधानको प्रस्तावनामै ...बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं संवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी समतामूलक समाजको निर्माण गर्ने संल्प लिने उल्लेख छ ।

धारा ३ ले राज्यको परिभाषा दिँदै 'बहुजातीय बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' भनेको छ ।

वर्तमान संविधानले महिलाका लागि केही विशेष व्यवस्था गरेको छ । धारा १२ तथा भाग २ मा आमाको नामबाट नागरिकता पाउने व्यवस्था साथै लैङ्गिक पहिचान सहितको नागरिकता पाउने व्यवस्था छ ।

धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुने व्यवस्थाह धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना महिला हुने व्यवस्थाह धारा ९२ मा राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने व्यवस्था छ । यस्तै संवैधानिक महिला आयोग, ३३ प्रतिशत महिलाको राज्य संयन्त्रमा प्रतिनिधित्व गर्न राजनीतिक संल्पसहितको कानुनी व्यवस्था गरिएको छ ।

धारा ३८ मा व्यवस्था गरिएको 'महिलाको हक'मा 'समान वंशीय हकह सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकह शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकह सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक' आदि स्पष्ट व्यवस्था छ ।

अन्य मौलिक हकहरू, राज्यका नीतिहरू तथा राज्यका निर्देशक सिद्धान्तले पनि महिला अधिकारको संरक्षणको संकल्प गरेको पाइन्छ । जातीय, वर्गीय, लैङ्गिक समस्या हल गर्न राज्यको पुनर्संरचना गर्ने,राज्य संयन्त्रमा ३३ प्रतिशत प्रतिनिधित्व गर्न राजनीतिक संकल्प गरेको पाइन्छ । यसरी संविधानले गरेको व्यवस्थालाई कानुन निर्माण गरी कार्यान्वयनमा आएको छ । नेपालले महिला अधिकार र विकासका सन्दर्भमा अन्तर्राष्ट्रिय प्रयासमा गरेका प्रतिबद्धताअनुरूप पनि कानुन निर्माण गरी लागु गरेको छ ।

धारा १८ समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन भन्ने उल्लेख छ । राज्यले नागरिकका बिच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नेछैन, तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।

चुनौती

शिक्षामा छोराछोरीको समान पहुँचह उच्च शिक्षामा छोरीहरूको बढ्दो उपस्थितिह विद्यालय, सरकारी तथा निजी कार्यालयमा महिलाको बढ्दो संलग्नताह राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनमा महिला नेतृत्व तथा संलग्नताह आमा समूहह राजनीतिक पार्टीहरूमा महिला वर्गको बढ्दो प्रभाव र सशक्त भूमिका आदिले नेपालमा महिला सशक्तीकरणले मूर्त रूप लिँदै गएकोतर्फ इङ्गित गर्छ ।

महिलाको अधिकार स्थापना गर्दा पुरुषका अधिकार खोस्ने भन्न खोजिएको नभई महिला र पुरुषका लागि समान हैसियत, अधिकार र उत्तरदायित्व दिनु नै लैङ्गिक समानता हो । समाजको संरचनात्मक र कार्यात्मक पक्षमा आमूल सुधार वा परिवर्तन गरी महिलाहरूको सीप विकास आत्मनिर्भरता र उत्प्रेरणामा जोड दिनुपर्छ ।

कानुनी र संवैधानिक व्यवस्थामा परिवर्तन आए पनि महिलामाथि हुने विभेद हट्न सकेका छैनन् । हामीकहाँ अझै पनि परम्परागत विभदेकारी अभ्यास कायमै छन् । यस्तै, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य-मान्यता, प्रथा, परम्परा कायमै छन् । महिला तथा बालबालिकामाथि हुने घरेलु हिंसा, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा घट्न सकेका छैनन् । सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पूर्ण रूपमा संरक्षण तथा पुनर्स्थापना गर्न सकिएको छैन । यी चुनौती वा समस्यालाई सम्बोधन गर्ने प्रभावकारी कार्यक्रम ल्याउन आवश्यक देखिन्छ ।

राजनीति र सार्वजनिक सेवामा समानुपातिक प्रतिनिधित्व भए पनि प्रतिनिधित्व गर्ने महिलालाई नीति निर्माण र निर्णायक भूमिका दिएको पाइँदैन । कहीं कतै भने नीति निर्माण र निर्णय गर्ने स्थानमा पुगेका महिलामा 'सुपर मेल'को भावना विकास भएको पाइन्छ ।

सामाजिक पारिवारिक, राजनीतिक र सार्वजनिक सेवामा समेत महिला विकासको बाधक महिला नै रहेको पाइन्छ । महिलाको समान हक-अधिकारलाई सबै कानुन तथा सरकारी नीति निर्णयमा मान्यता नदिएकामा महिला वर्गमा बढी असन्तुष्टि रहेको देखिन्छ ।

बाध्यात्मकबाहेक प्रमुख पदमा महिला जनप्रतिनिधिको सङ्ख्या केही बढेको छ । २०७९ सालमा देशभरबाट १४ हजार ४०२ महिला जनप्रतिनिधि निर्वाचित भएका छन् । गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख पदमा २५ महिला विजयी भएका छन् ।

रातोपाटीबाट

‘नमुना सडक’

हेटौंडा-पथलैया सडक खण्डमा



मकवानपुर । पथलैया-हेटौंडा खण्डको २ किलोमिटर सडक नमुना सडक बनाइने भएको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत अत्यधिक सवारी चाप रहेको पथलैया-हेटौंडा खण्डको २ किलोमिटरमा परीक्षणको रूपमा ‘नमुना सडक’ निर्माणको काम सुरु भएको छ । भ्याटसहित करिब ५ करोड लगानीमा चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी नमुना सडक निर्माणको काम भइरहेको हो ।

पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको यो राष्ट्रिय राजमार्गमा वार्षिक दर्जनौं वन्यजन्तुले दुर्घटनामा ज्यान गुमाएका छन् । साथै वीरगञ्ज भन्सारबाट छुटेका उच्च मालवाहक सवारी साधनको कारण यो सडकखण्डको अधिकांश भाग भासिएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पथलैया-हेटौंडा सडकखण्डमा सवारीको चाप अत्यधिक हुन र साँघुरो (२ लेन) सडक खण्डमा दैनिक साना-ठुला दुर्घटनाहरू समेत हुने गर्दछ ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश प्रसाद यादवले आधुनिक प्रविधिको प्रयोग गरेर उच्च भारवाहन क्षमता भएको सवारी साधन गुड्ने सक्ने नमुना सडक निर्माण गर्न लागिएको बताए । सरकारले तत्कालै पथलैया- भरतपुर करिब एकसय किलोमिटर सडकखण्ड विस्तार गर्न बजेट अभाव भएको कारण देखाउँदै २ किलोमिटर नमुनाको रूपमा निर्माण गर्न लागेको हो ।

सडक डिभिजन प्रमुख यादवले नयाँ प्रविधिको प्रयोग गरेर विशेष प्रकारको ४० ग्रेडको बिटविन प्रयोग गरिने जनाएका छन् । यो प्रविधिको सडक नेपालमै पहिलो भएको जनाएको छ ।

‘अहिले बजेट अभावले हामीले २ किलोमिटर मात्रै बनाउन सक्षम भयौं, अब यो ट्रायल सफल भएपछि भविष्यमा यही प्रविधि प्रयोग गरेर सडक विस्तार गर्ने योजना छ’ सडक डिभिजन प्रमुख यादवले भने ‘हामीले हाईवेलाई धेरै दिन जोतेर खाली गराएर राख्न मिल्दैन, यो योजना अहिलेलाई पुरानै ढाँचामा असार १५ भित्रै सम्पन्न हुन्छ ।’

चौधरी निर्माण सेवा जनकपुरले सडक निमार्णको जिम्मेवारी लिएको छ । निकट भविष्यमा निर्माण हुने पथलैयादेखि भरतपुर सडकखण्ड निमार्णको क्रममा भनेपर्सा निकुञ्ज क्षेत्रमा ४ किलोमिटरमा वन्यजन्तुहरूका लागि आवातजावत गर्न लाई ओभर बृज निमार्ण हुने जनाइएको छ । त्यसका लागि अहिले माटो परीक्षणको काम भइरहेको छ ।

ठेकेदार कम्पनी चौधरी निर्माण सेवाका मुख्य प्रवन्धक पंकज चौधरीले पेश्की रकम अत्यन्तै कम पाएकोले छिटो काम गर्न समस्या भएको बताएका छन् । ‘नयाँ प्रविधिको प्रयोग गरेर सडक निमार्ण काम भइरहेको छ, यसमा उच्च गुणस्तरीय भिजिट ४० को बिटमिन र अस्पतालको बिचमा फाईवरको प्रयोग हुन्छ’ चौधरीले भने ।

उनले हालसम्म पेश्की रूपमा ३७ लाख मात्रै पाएको बताएका छन् महेन्द्र राजमार्गको नामले पनि चिनिने पूर्व पश्चिम जोड्ने सडकखण्ड तराईको पर्सा बाहेक २१ जिल्लालाई छोएको छ । १ हजार २७ दशमलव ६७ किलोमिटर लम्बाई रहेको पूर्व-पश्चिम राजमार्ग २०२२ सालमा निमार्ण भएर सञ्चालनमा आएको हो । त्यसयता सामान्य मर्मत सम्भार बाहेक पुन: निर्माणको काम भने भएको छैन ।

म अब केही समय अलप हुन चाहन्छु



(कविता)

धेरै थाकें
म अब केही समय थकाइ मार्न चाहन्छु ।
ठ्याक्कै चौंतीस वर्ष
बिजुली बत्तिको डेबिट क्रेडिटमा डुबें
केही समय ओखती अफिसको मुखिया भएँ
एक वर्ष सिमेन्ट कारखानाको धूलो खाएँ
दुई वर्ष विद्यालयमा केटाकेटीहरूको राल र सिँगान पुछें
दश वर्ष गाइने भएर गाउँ, शहर र कन्दराहरू घुमें
केही वर्ष कलम र कापी बोक्नेहरूको नाइके भएँ
थुप्रै वर्ष साहित्यको बगैंचामा अक्षर रोपें
धेरै गलें
म अब केही समय सुस्ताउन चाहन्छु ।

बिजुली बत्तिमा पनि
कहिले अनाहकमा च्यापिएँ
कहिले माथिबाट पछारिएँ
कहिले खरानी हुने गरी डढें
र कहिले आफ्नैहरूबाट लखेटिएँ
ओखतीको अफिसमा पनि
रमाउन नपाईकन निस्किएँ
सिमेन्ट कारखानामा धूलो खाँदै थिएँ
त्यहाँबाट पनि निष्काशनमा परेर कालापानी पुगें
विद्यालयमा केटाकेटीहरूको राल र सिँगान पुछ्दै थिएँ
त्यहाँबाट पनि बिदा भएर हिँडें
मैले गाइने भएर पनि सुख पाइनँ
दुष्टहरूले मेरो गितारलाई टुक्राटुक्रा पारेर फालिदिए
कलम समातेर कापीमा लेख्दै थिएँ
देशद्रोही भएर पिन्जरामा थुनिएँ
साहित्यमा पनि जेजे भोगेको छु त्यहीत्यही हाकाहाकी लेखें
र धेरैका नजरमा च्वास्सच्वास्स घोच्ने काँडा भएँ
धेरै थिलथिलो भएँ
म अब केही समय अलप हुन चाहन्छु ।

धेरै थाकें
म अब केही समय थकाइ मार्न चाहन्छु
धेरै गलें
म अब केही समय सुस्ताउन चाहन्छु
धेरै थिलथिलो भएँ
म अब केही समय अलप हुन चाहन्छु ।

✍ आर. आर. चौलागाईं

व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी जरुरी सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हेटौंडा उपमहानगरपालिका वडा नं ४ भित्र व्यवसाय सञ्चालन गर्नु पूर्व अनिवार्य रूपमा दर्ता गरी वार्षिक रूपमा नविकरण समेत गर्नुपर्ने व्यवस्था रहेको छ । तर कतिपय व्यवसायीहरुले व्यवसाय दर्ता नै नगरी कारोवार गरेको, नवीकरण समेत नगरेको पाइएकोले सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी अनिवार्य व्यवसाय दर्ता र नविकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

वडा अध्यक्ष : नवीन सिग्देल

४ नं. वडा कार्यालय

हेटौडा उपमहानगरपालका

सहीरबर

समाचार

२०८१ असार ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रदेश सरकारको मौनता कहिलेसम्म



अनुदान कटौती

○गणेश दुलाल

मकवानपुर । संविधानत: प्रदेश र स्थानीय तहको प्रमुख वित्तीय स्रोत नै वित्तीय हस्तान्तरण हो ।

सोही अनुदानको भरमा स्थानीय र प्रदेश सर कारले हरेक वर्ष बजेट तर्जुमा गर्ने गर्दछन् । संघीय सरकारले विभिन्न ४ शीर्षकमा प्रदेश र स्थानीय तहमा अनुदान पठाउने गरेको छ ।

स्रोतको समुचित प्रयोग गर्दै नि:शर्त र अनिवार्य रहेको समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गर्नुपर्छ । यो संवैधानिक व्यवस्था र वित्तीय संघीयताको मुख्य सवाल हो ।

तर, संघीय सरकारले संविधान विपरीत भएर वित्तीय संघीयतामाथि नै प्रहार गरिरहेको छ । संघ सरकारले निरन्तर रूपमा अनुदान कटौती गरी वित्तीय संघीयतामाथि प्रहार गरिरहे पनि यसमा खबरदारी भने कसैले गरेका छैनन् ।

संघीय सरकारले प्रदेश र स्थानीय तहले समानीकरण अनुदान, राजस्व बाँडफाँट र नयाँ आयोजनामा बजेट विनियोजन नगर्ने, संघबाट सञ्चालित तर प्रदेश र स्थानीय तहले प्राविधिक र वित्तीय रूपमा सञ्चालन गर्न आयोजनाहरू क्रमश: हस्तान्तरण गर्दै जाने रणनीति लिए पनि काम हुन सकेको छैन ।

निरन्तर घट्दै अनुदान

संघीय सरकारले सुरुवाती चरणको तुलनामा हरेक वर्ष अनुदान रकम घटाउँदै आएको छ । आर्थिक संकट, विपद्का घटना लगायतका बहानामा सरकारले वित्तीय संघीयताको सशक्त आधार अनुदानमा कटौती गर्दै आएको छ ।

आर्थिक वर्ष २०७५-०७६ मा प्रदेश र स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता मानव विकास सूचकाङ्क, पूर्वाधार, खर्चको आवश्यकता, राजस्व क्षमता तथा आर्थिक, सामाजिक क्षेत्रका लागि वित्तीय समानीकरण अनुदान बापत १ खर्ब ३५ अर्ब ५० करोड ७३ लाख रुपैयाँ विनियोजन गरेको थियो ।

सशर्त अनुदानतर्फ प्रदेशलाई ६३ अर्ब १३ करोड ५५ लाख रुपैयाँ र स्थानीय तहलाई १ खर्ब ९ अर्ब ८४ करोड ५६ लाख रुपैयाँ विनियोजन गरेको थियो । प्रदेश वा स्थानीय तहलाई विशिष्ट प्रकृतिको कार्य गर्नका लागि विशेष अनुदानतर्फ २० अर्ब विनियोजन गरेको थियो ।

आर्थिक वर्ष २०७६-०७७ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार प्रदेशलाई ५५ अर्ब ३० करोड रुपैयाँ र स्थानीय तहलाई ८९ अर्ब ९५ करोड रुपैयाँ समानीकरण अनुदान, सशर्त अनुदान तर्फ प्रदेशलाई ४४ अर्ब ५५ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब २३ अर्ब ८७ करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

यस्तै प्रदेश र स्थानीय तहका लागि १० अर्ब समपूरक अनुदान, विशिष्ट प्रकृतिको कार्य गर्नका लागि १० अर्ब रुपैयाँ विशेष अनुदान उपलब्ध गराएको थियो ।

आर्थिक वर्ष २०७७-०७८ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार आर्थिक, सामाजिक र अन्य असमानता समेतका आधार मा प्रदेशलाई ५५ अर्ब १९ करोड रुपैयाँ र स्थानीय तहलाई ९० अर्ब ५ करोड रुपैयाँ समानीकरण, सशर्त अनुदानतर्फ प्रदेशलाई ३६ अर्ब ३५ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब ६१ अर्ब ८ करोड रुपैयाँ, राजस्व बाँडफाँटतर्फ प्रदेश र स्थानीय तहमा कुल १ खर्ब २२ अर्ब १४ करोड रुपैयाँ, प्रदेश र स्थानीय तहका लागि ९ अर्ब ९६ करोड रुपैयाँ समपूरक अनुदान, विशेष अनुदानतर्फ ९ अर्ब ९७ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

आर्थिक वर्ष २०७८-०७९ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्रको आधारमा प्रदेशलाई ५७ अर्ब ९५ करोड रुपैयाँ र स्थानीय तहलाई ९४ अर्ब ५६ करोड रुपैयाँ समानीकरण अनुदान, सशर्त अनुदानतर्फ प्रदेशलाई ३५ अर्ब ८७ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब ७३ अर्ब ५० करोड रुपैयाँ, समपूरक अनुदानतर्फ १२ अर्ब ३७ करोड रुपैयाँ र विशेष अनुदानतर्फ १२ अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरेको थियो ।

आर्थिक वर्ष २०७९-०८० मा संविधानको धारा ६० को व्यवस्था अनुसार वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदानतर्फ प्रदेशलाई ६१ अर्ब ४३ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब २३ करोड रुपैयाँ, सशर्त अनुदान तर्फ प्रदेश र स्थानीय तहलाई २ खर्ब ४० अर्ब ८९ करोड रुपैयाँ, समपूरक अनुदान प्रदेशलाई ६ अर्ब ३० करोड रुपैयाँ र स्थानीय तहलाई ७ अर्ब २७ करोड रुपैयाँ र विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: ४ अर्ब ५६ करोड रुपैयाँ र ९ अर्ब १४ करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

अधिकारका सवालमा प्रदेश सरकारहरू केही सशक्त देखिए पनि वित्तीय सौंयता कार्यान्वयनमा भने मौन देखिएका छन् । प्रहरी समायोजन, निजामती कार्मचारी ऐनका सवालमा प्रदेश सरकारहरूले आवाज उठाए पनि वित्तीय सौंयता कार्यान्वयन र अधिकार प्राप्तिका सवालमा आवाज उठ्न सकेको देखिँदैन ।

चालु आर्थिक वर्ष २०८०-०८१ समानीकरण अनुदानतर्फ १ खर्ब ४६ अर्ब २ करोड रुपैयाँ, सशर्त अनुदानतर्फ २ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ, समपूर क अनुदानतर्फ १३ अर्ब २७ करोड रुपैयाँ र विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: ४ अर्ब ४६ करोड रुपैयाँ र ८ अर्ब ७३ करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

आगामी आर्थिक वर्ष २०८१-०८२ का लागि समानीकरण अनुदान प्रदेशको लागि ६० अर्ब रुपैयाँ र स्थानीय तहको लागि ८८ अर्ब रुपैयाँ, सशर्त अनुदान २ खर्ब ३४ अर्ब ७३ करोड रुपैयाँ, समपूरक अनुदान क्रमश: ६ अर्ब २० करोड रुपैयाँ र ७ अर्ब रुपैयाँ, विशेष अनुदान प्रदेशको लागि ४ अर्ब ४० करोड रुपैयाँ र स्थानीय तहको लागि ८ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

५ वर्षमा प्रदेशहरूले पाएको अनुदान

अनुदान वितरणको तथ्याङ् हेर्दा आर्थिक वर्ष २०७९-०८० मा प्रदेशमा सबैभन्दा बढी अनुदान गएको देखिन्छ । सो वर्षमा ७ प्रदेशमा कुल १ खर्ब २९ अर्ब ४६ करोड ६ लाख रुपैयाँ अनुदान वितरण गएिको थियो भने त्यस यता अनुदान रकम निरन्तर घट्दो छ ।

आर्थिक वर्ष २०७५-०७६ मा १ खर्ब १३ अर्ब ४३ करोड ४१ लाख रुपैयाँ अनुदान प्रदेशमा वितरण गरिएको थियो । यो हालसम्मकै अनुदान वितरणको दोस्रो ठुलो अङ्क हो ।

आर्थिक वर्ष २०७६-०७७ मा ९९ अर्ब ८४ करोड ४४ लाख रुपैयाँ, आर्थिक वर्ष २०७७-०७८ मा ९९ अर्ब ८७ करोड ३६ लाख रुपैयाँ, आर्थिक वर्ष २०७८-०७९ मा १ खर्ब ३ अर्ब ७० करोड २५ लाख रुपैयाँ, चालु आर्थिक वर्ष २०८०-०८१ मा १ खर्ब ५ अर्ब ६ करोड ६८ लाख रुपैयाँ अनुदान वितरण गरिएको थियो भने आगामी आर्थिक वर्ष ९६ अर्ब ४५ करोड ८ लाख रुपैयाँ अनुदान वितरण गर्ने सरकारको तयारी रहेको छ ।

प्रदेशगत अनुदान वितरणको तथ्याङ्क

अधिकारका सवालमा प्रदेश सरकारहरू केही सशक्त देखिए पनि वित्तीय सौंयता कार्यान्वयनमा भने मौन देखिएका छन् । प्रहरी समायोजन, निजामती कार्मचारी ऐनका सवालमा प्रदेश सरकारहरूले आवाज उठाए पनि वित्तीय सौंयता कार्यान्वयन र अधिकार प्राप्तिका सवालमा आवाज उठ्न सकेको देखिँदैन ।

सौंयतालाई बलियो बनाउने प्रमुख संयन्त्रको रूपमा रहेको अनुदान बजेटमा कटौती हुँदासमेत प्रदेश सरकारहरूले आवाज उठाएको देखिन्न । बजेटमा विगतको तुलनामा अनुदान कम आउँदा प्रदेशहरू गुमनाम छन् । सौंयताको सशक्त अभ्यास गर्ने संर चना नै मौन रहँदा सौंय सरकारलाई थप हौसला पुगेको देखिन्छ । यसतर्फ प्रदेश सरकारका मुख्यमन्त्रीहरूको आधिकारिक धारणा आउन सकेको छैन ।

अनुदान कटौतीको विषयलाई लिएर स्थानीय तहहरूले विरोध जनाएका छन् । सौंय सरकारले अनुदान रकममा २६ प्रतिशतले कटौती गरेपछि देशभरका स्थानीय तहले विरोध जनाएका थिए ।

विगतका सरकारहरूको नीति तथा कार्यक्रम र बजेटमा प्रदेशका मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजनामन्त्रीको धारणा विभिन्न माध्यमबाट बाहिरिन्थ्यो । यस पटक भने त्यसो हुन सकेको छैन । न कुनै मुख्यमन्त्रीले सौंय सरकारको नीति तथा कार्यक्रम र बजेटका विषयमा टिप्पणी गरेका छन् । केहीले आफ्ना धारणा राखे पनि बजेट कम भएको असन्तुष्टिमात्र व्यक्त गरेको देखिन्छ ।

त्यसको प्रमुख कारण हो राजनीतिक अस्थिरता । संघीय सरकार परिवर्तनको असरले धर्मराएको प्रदेश सरकारको जग अझै स्थिर बन्न सकेको छैन । सरकार परिवर्तन र सत्ता समीकरणका मिलाउने खेलका कारण प्रदेशहरू निरीह बन्न पुगेका छन् । जसले प्रदेश र सौंयतालाई थप कमजोर बनाएको छ ।

स्थानीय तहको विरोध

अनुदान कटौतीको विषयलाई लिएर स्थानीय तहहरूले विरोध जनाएका छन् । संघीय सरकारले अनुदान रकममा २६ प्रतिशतले कटौती गरेपछि देशभरका स्थानीय तहले विरोध जनाएका थिए ।

चालु आर्थिक वर्षका लागि प्रस्ताव गरिएको समानीकरण अनुदान कटौती गरेको भन्दै उनीहरूले अर्थ मन्त्रालयमा धर्ना समेत दिएका थिए । गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघको नेतृत्वमा स्थानीय तहका प्रमुख/उपप्रमुखले जेठ २१ मा अर्थ मन्त्रालयको मूल गेटमा तीन घण्टा धर्ना दिएका थिए ।

उनीहरूले अनुदान कटौतीको निर्णय फिर्ता नभए सिंहदरबार घेराउ गर्ने चेतावनीसमेत दिएका थिए । कटौती गरेको बजेट निकासा गर्नुपर्ने उनीहरूले माग गरेका थिए । ***रातोपाटीबाट***

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ असार ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

...पर्यटकीय दिव्य पार्क

पेज १ को बाँकी

बासु प्याकुरेल, नकुल अधिकारीलगायतका व्यक्तित्वहरुले गरेका थियो । बृक्षरोपणपछि सो क्षेत्रलाई बेतखोल्सी सामुदायिक वनमा परिणत गरि संरक्षण गरिदै आइएको थियो । वृक्षरोपणको २६ वर्षपछि ति बिरुवाहरु रुखमा परिणत भई शितलता प्रदान गर्न सक्ने भएका छन् ।

३ वर्ष पहिले कोरोना महामारीका कारण लकडाउन (निषेधाज्ञा) भएको अवस्थामा राहत वितरण गर्दा श्रममा आधारित राहत कार्यक्रम आयोजना गरिएको थियो ।

जसअन्तर्गत उपमहानगर तथा विभिन्न संघसंस्थाहरुले वडा मार्फत प्रदान गरेको राहत साच्चिकै समस्यामा परेका वडाबासीले प्राप्त गरुन् भन्ने उद्देश्यका साथसो कार्यक्रम आयोजना गर्दै पार्क निर्माणको शुभारम्भ गरिएको भण्डारीले बताए ।

सो कार्यक्रममा पार्क निर्माण स्थलमा भएका बनमारा लगायतका झाडी सफा गर्ने कार्यहरु भएका थिए । कोरोनाको समयमा पनि दैनिक २५ देखी ३० जनाका दरले भौतिक दुरीसहित लगभग २ सय जना भन्दा बढीको जनशक्तिले पार्क निर्माण स्थल सफा गर्ने कार्य भएको थियो ।

राहतका लागि काम लगाइएको भएपनि सो काम वडाबासीले सहयोगका रुपमा मन लगाएर गरेका थिए भने वडाका सबैजसो टोल विकास संस्थाहरुबाट समेत वडाबासीहरु बिना राहत सहयोग स्वरुप सरसफाई कार्यक्रममा सहभागी भए ।

त्यसपछि लागत सहभागितासहित उपमहानगर पालिकाले प्रदान गरेको बजेटबाट पार्कमा बाटो खोल्ने कार्य, कम्पाउन्ड पर्खाल लगाउने कार्य भएका थिए ।

पार्क निर्माणमा उपमहानगर पालिकाको मात्र नभई प्रदेश तथा सांसद विकास कोषबाट समेत बजेट प्राप्त भएको छ ।

दिर्घकालिन योजनाका साथ एउटा सुन्टर पार्क निर्माण गर्न लागिएकाले केन्द्रको समेत ध्यानाकर्षण भएको भन्दै तत्कालिन वडा अध्यक्ष भण्डारीले खुसी समेत व्यक्त गरे । बागमती प्रदेश सरकार तथा पूर्व सांसद कृष्ण प्रसाद दाहालबाट सांसद बिकास कोषबाट झन्डै ५० लाख रुपैयाँ बजेटमा जननेता मदन भण्डारी र जीवराज अश्रितको अर्धकदको शालिक, वाटर फाउण्डेसन, पिकनिक स्टल, आरामगर्ने स्थानलगायतका संरचना निर्माण गरिएको हो ।

"दिव्य बाल उद्यान" नामाकरण गरिएको उक्त पार्क मकवानपुरको नयाँ पर्यटकिय गन्तव्यको रुपमा विकास भएको छ ।

बाल उद्यानमा गौतम बुद्धको प्रतिमा, नेपाल आमाको प्रतिमा, ध्यान केन्द्र, विभिन्न वनस्पतीजन्य बोट विरुवा रोप्ने लगायतका काम जारी राखिएको छ । यसबाट पर्यटकिय क्षेत्रमा टेवा पुऱ्याउने लक्ष्य लिईएको छ ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं ।

● सहीखबर साप्ताहिक

भिमफेदी गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।


सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

हिदम लामा अध्यक्ष

भिमफेदी गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

समयमै जन्म दर्ता गरी कानुनी पहिचान सुनिश्चित गरौं ।



मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

गौरवका आयोजनामा न चिन्तन न प्रगती

○ गोपिनी दाहाल

मकवानपुर । आवश्यकता र औचित्यमाथि गहिरो अनुसन्धानबीना योजना सुरु गर्दा अधिंकाश योजनाहरुको उपलब्धी देखिदैन ।

पहिलो कुरा ति योजनाहरुको सफलता नै चुनौतिपूर्ण हुन्छ, दोस्रो कुरा निर्माण सफल भए पनि उपलब्धि शुन्य प्राय हुने गरेका उदाहरणहरु भेटिन्छन् । पछिल्लो उदाहरण हो, बागमती प्रदेश सरकारको प्रदेश गौरवका योजनाहरु । प्रदेश सरकारले गौरवको आयोजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरे पनि अधिकांश कार्यान्वयनमा आउनै सकेका छैनन् । केही योजनाहरु कार्यान्वयन भए पनि यहाँबाट भएको सेवा प्रवाहमा शंका र असन्तुष्टि आउने गरेको छ ।

बागमती प्रदेश सरकारले आर्थिक २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा अधिकांश कार्यान्वयन नभएको पाइएको हो ।

प्रदेश सरकारले प्रदेश विश्वविद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी -भीमफेदी- कुलेखानी सुरुङमार्ग गरी चार वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

बागमती प्रदेशको महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१ प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेका योजना कार्यान्वयन नभएको उल्लेख छ ।

हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रूपान्तरण गर्न ऐन तथा नियमावली जारी भए पनि सेवाको गुणस्तर वृद्धि नभएको महालेखाको प्रतिवेदनमा भनिएको छ । पछिल्लो समय हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने भन्दै स्थानीय स्तरमा माग गर्न थालेपछि प्रतिष्ठानको कामले अपेक्षाकृत गति पाउन सकेको छैन ।

अहिले यि दुई संस्थालाई अलग गरिनु पर्ने र सँगै राखिनु पर्नेमा राजनीतिक दलहरुको मत विभाजन सदनदेखि सर्वसाधरणसम्म देखिन्छ ।



उता सुरुङमार्गका लागि यसअघि स्रोतसमेत सुनिश्चित गरेको दाबी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले गरे पनि पछिल्लो समय उक्त गौरवको आयोजनाको कार्यालयसमेत खारेज गरिएको छ । प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनका लागि नीतिगत र कानुनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानुनी व्यवस्था गर्नेसम्बन्धी काम भएको छैन ।

बागमती प्रदेश सरकारमा मन्त्रालयहरू र निकायको आव २०७९/८० को लेखा परीक्षणपछिको महालेखाको वार्षिक प्रतिवेदनमा भनिएको छ, "यो वर्षको बजेट वक्तव्यमा सो सम्बन्धी व्यवस्था नगरेकाले विश्वविद्यालय स्थापना कार्य अगाडि बढाएको देखिएन ।"

आर्थिक वर्षको अन्त्यतिर आइपुग्दा जेठ महिनाको तेस्रो साता प्रदेशको सामाजिक विकास मन्त्रालयले विश्वविद्यालयका 'बोर्ड अफ ट्रष्टि'लाई नियुक्ति पत्र प्रदान गरेको छ ।

यस्तै संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६/७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए पनि त्यसपछिका वर्षमा कुनै पनि कार्य अगाडि बढेको छैन ।

प्रदेश समन्वय परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्ने व्यवस्था भए पनि आव २०७९।८० बैठक नै बसेन । प्रदेश तथा स्थानीय तहले गर्ने कामकारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको उपयोग र बाँडफाँटसम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्ने व्यवस्था छ ।

परिषद्को २०७७/७८ मा एक पटक बैठक बसे पनि त्यसपश्चात् २०७९/८० सम्म परिषद्को बैठक नबसेको भन्दै महालेखाको प्रतिवेदनमा विगत वर्षको बैठकमा गरेका निर्णयको अनुगमन र मूल्याङ्कन तथा प्रगति अवस्थाको समीक्षा गरेको नदेखिएको उल्लेख छ ।

गौरवका आयोजनाहरुमा तत्कालिन नेतृत्वमा रहेको दलहरुले मात्रै चिन्तन गरेर नहुने, यसमा निरन्तर सरकार ले सकारात्मक पहल जारी राख्नु पर्ने प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणी पौडेल बताउँछन् । "सरकारमा को छ, कुन दल छ भन्ने कुराले प्राथमिकता पाउनु हुदैंन, सरकारको योजना सबैको भलाइमा हुनुपर्छ" उनले भने ।

मनहरीले गाँजा..



घाँस विस्तार कार्यक्रम सञ्चालन गरिने, उन्नत बाखा पकेट क्षेत्र कार्यक्रम लागु गरिने, प्रदेश सरकार सँगको साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । कृषि एवं पशुपन्छीजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि बिशेष व्यबस्था गरिने कालाखेतिले बताए । दुग्ध जन्य पदार्थको उत्पादनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसंगको सहकार्यमा उन्नत जातको भैंसी पालन गर्ने कार्यक्रममा सहयोग गरिने उनले बताए ।

एक वर्षको यस्ता उपलब्धी

मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षमो ११ महिनामा ११ हजार ८५५ मिटर स्लाब बाटो निर्माण गरेको छ । यसैगरी ६ हजार ९७२ मिटर ग्राभेल बाटो निर्माण गरेको छ । भने २४ हजार मिटर नयाँ ट्रयाक निर्माण गरेको छ ।

गाउँपालिकाले रिटेनिंग वाल ४ हजार ३२१ मिटर, पक्कि नाला २ हजार ८४३ मिटर, ग्याविन ड्याम २४८६ मिटर निर्माण गरेको छ । यसैगरी २ हजार ४८६ मिटर खानेपानी पाइपलाईन विस्तार, ८५ वटा ट्युबेल धारा निर्माण गरेको छ ।

कालोपत्रे सडक निर्माण २ हजार १५७ मिटर गरेको छ भने ३२ वटा सार्वजानिक भवन निर्माण तथा मर्मत सम्भार गरेको छ । ८ कलभर्ट तथा पुल निर्माण १७ वटा कम्पाउड तारजाली, काडेतार ३ हजार ४०१ मिटर निर्माण गरेको छ ।

६ वटा सामुदायीक स्वास्थ्य ईकाइ भवन निर्माण सम्पन्न गरेको छ मनहरी अस्पताल भवन निर्माण कार्य २१ प्रतिशत कार्य प्रगती भएको पालिका सूचना अधिकारी विकल्प चौलागाईले बताइएको छ ।

हावाहुरीबाट जोगिने उपायहरु

❐ घरको संरचना बलियो बनाऔं,
❐ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
❐ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
❐ छतका गमला सुरक्षित रुपमा राखौं,
❐ जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
❐ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
❐ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
❐ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
❐ हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

चट्याङबाट बच्ने उपाय

❐ बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
❐ विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
❐ विद्युतीय उपकरण बन्द गरौं,
❐ घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
❐ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
❐ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
❐ सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड